


# २ हामीले गर्ने निर्णयहरू

*__यस अध्यायका मूल पदहरू__* एफिसी १:१-४,मत्ती २२:३५-३७,मत्ती ७:२४,२५, हितोपदेश १८:२४,१ कोरन्थी १५:३३ र उपदेशक २:१-११।

*__यस अध्यायको मूल सार पद:__* **"तर यदि परमप्रभुको सेवा गर्न तिमीहरूलाई मन पर्दैन (वा तिमीहरूको आत्मनिर्णयमा खराब देख्छौ) भनेता तिमीहरूले कसको सेवा गर्ने वा उपासना गर्ने आजै तिमीहरूले रोज– कि नदीको पारि वा युफ्रिटिस नदीको पारि रहेका तिम्रा पिता-पुर्खाहरूले परम्परा अनुसार भनेर पुजेका देवीदेवताहरू कि तिमीहरू अहिले बसेको देशका एमोरीहरूका देवीदेवताहरू। तर म र मेरो घरानाले परमप्रभुकै सेवा वा उपासना गर्नेछौं।" (यहोशू २४:१५ रूपान्तरित-अरू अनुवादहरूसँग तुलना गर्दै)।**

हाम्रो जीवन निर्णय नै निर्णय गर्नुपर्ने कामहरूले भरिपूर्ण छ वा के रोज्ने के नरोज्ने भन्ने भूमरीमा पौडी खेलिरहेका छौं। बिहान बिउँझेदेखि राती नसुतुञ्जेल प्रत्येक दिन वा प्रत्येक क्षण हामीले साना ठूला निर्णयहरू लिइरहेकै हुन्छौं। कतिपय समयमा हामीले नसोचिकनै चल्नु पर्ने पाइला रोजेर चल्दछौं। हामी मानव प्राणी भएकोले त्यो प्रक्रिया स्वःत पनि हुन्छ।

कतिपय निर्णयहरू हामी गर्छौं त्यो सरल हुनसक्छ वा नियमितरूपमा। हामीले गर्ने कतिपय निर्णयहरूले हामीहरूको जीवनलाई परिवर्तन गर्न सक्छन् वा अनन्त जीवनलाई असर पार्न सक्छन्। हामीले स्वइच्छाले गर्ने निर्णय वा रोज्ने बाटोले हामीहरूको व्यक्तिगतमात्र होइन हाम्रो परिवारलाई पनि असर पार्न सक्छ।

त्यसकारण हामीहरूले गर्ने निर्णय वा रोजाईहरू अत्यन्तै निर्णायक वा अत्यन्तै महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई हामीले सोच्नु अनिवार्य छ। विशेष गरेर

हाम्रो व्यक्तिगत र परिवारकै जीवनलाई असर पार्ने ठूला ठूला निर्णयहरूप्रति हामी चनाखो हुनुपर्दछ।

कतिपय समयमा हामी आफैले गरेका निर्णयहरूप्रति दिक्क मान्न पनि पुगेका हुन्छौं। विगतमा गरेका गलत निर्णयले आफ्नो जीवन ध्वस्त हुनपुगेको कतिले अनुभव गरेका छन् वा देखिरहेका छन्? त्यसको लेखाजोखा छैन भनेपनि हुन्छ। तर भाग्यवस जुनसुकै गलत निर्णय गरेर मानिस दुर्घटनाको संघारमा पुगेतापनि परमेश्वरमा क्षमा पाइन्छ र नयाँ जीवन बिताउन अवसर मिल्न सक्छ। कतिपय समय वा परिस्थितिमा हाम्रो जीवन खतम भयो भनेर मानिसले सोचेतापनि परमेश्वरमा मुक्ति छ, टुक्रिएको जीवन फेरि जोडिन सक्छ र छियाछिया भएको मन फेरि निको हुनसक्छ।

हामीले गर्ने निर्णयहरूको प्रश्नको बारेमा यस अध्यायमा फराकिलोपाराले हेर्नेछौं। विशेष गरेर हामीले गर्नुपर्ने निर्णयहरू कसरी गर्छौं र तिनीहरूले हाम्रो व्यक्तिगत जीवनमा र परिवारमा कसरी असर पर्न सक्छ भन्ने कुरामा छलफल गर्नेछौं।

## १. आत्मनिर्णयको स्वतन्त्रता, के रोज्ने के नरोज्ने भन्ने स्वतन्त्र विवेक

कतिपय धर्महरूका शिक्षादीक्षामा अझ कतिपय इसाईहरूले सिकाएका शिक्षाहरूमानै किननहोस् मानिस जन्मनुभन्दा अघि नै कसले मुक्ति पाउँछ वा स्वर्गमा जान पाउँछ को पाउँदैन भनेर परमेश्वरले निर्णय गरिसक्नुभएको हुन्छ भनेर सिकाइन्छ। (अझ हामी नेपालीहरूको परिप्रेक्ष्यमा त सबैको कर्म निधारमा लेखेर आएको हुन्छ जसलाई भाग्यको खेल वा परमेश्वरको खेल भनेर पनि ढुक्कसँग विश्वास गरिएको पाइन्छ)। त्यसको अर्थ मानिसले अनन्त जीवन वा मुक्ति पाउने र नपाउने सोको जिम्मेवारी परमेश्वरमा नै छ। त्यसमा मानिसको व्यक्तिगत भूमिका हुँदैन भनेर सबै थोकको जिम्मा परमेश्वरलाई नै लगाइदिएको पाइन्छ। त्यसको अर्थ मानिसले परमेश्वरको बाटोमा हिंड्ने वा नहिंड्ने जे निर्णय गरेतापनि यदि कोही मुक्तिबाट बंचित हुन्छ वा दोषी नै भएर जिउँछ भन्ने कुरालाई परमेश्वरले अघिबाटै निर्णय गरिसक्नुभएको हुन्छ। यो धारणा प्रायजसो लोकमा प्रचलित छ।

भाग्यवस, सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षादीक्षामा त्यस्तो खालको लोकमा चलेको धारणाले मान्यता पाएको छैन। तर यो कुरामा भने हामी जिकिर गर्दछौं कि संसार सृष्टि गरिनुभन्दा अघि वा कोही मानव प्राणी

जन्मनुभन्दा अघि प्रत्येक मानव प्राणीले मुक्ति पाउन् भन्ने निर्णयको अनुमोदन उहाँले गरिसक्नुभएको थियो। हामीले उहाँमा अनन्त जीवन पाऔं भन्ने रोजाई उहाँको हो।

हामीलाई परमेश्वरले कहिले चुन्नुभयो वा अनन्त जीवन पाउनुपर्ने हक सबैलाई प्रदान गर्ने भनेर निर्णय कहिले गरिएको थियो भनेर देहायका केही पदहरूले के खुलासा गरेको छ? हेर्नुहोस्: "*१ परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित पावलबाट, ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरूलाई:*
*२ हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति। ३ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।* ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्। ७ उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा, पाउँछौं, ८ जुन अनुग्रह उहाँले हामीलाई प्रशस्त मात्रामा दिनुभयो। ९ किनकि सम्पूर्ण बुद्धि र आन्तरिक समझमा ख्रीष्टमा राख्नुभएको उद्देश्यअनुसार उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, १० ताकि समय पूरा भएपछि स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्। (एफिसी १:१-१०), "*१ परमेश्वरको दास र येशू ख्रीष्टको प्रेरित पावलबाट, परमेश्वरका चुनिएकाहरूको विश्वास र भक्तिसँग मिल्दो तिनीहरूका सत्यको ज्ञान बढ़ाउनलाई, २ जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झूट नबोल्नुहुने परमेश्वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो*। ३ परमेश्वर हाम्रा मुक्तिदाताको आज्ञाअनुसार मलाई जिम्मा लाएको प्रचारद्वारा उचित समयमा उहाँले आफ्नो वचन प्रकट गर्नुभयो।" (तीतस १:१-३) र "८ यसकारण हाम्रा प्रभुको गवाही दिन शर्म नमान, न त म, उहाँको कैदीको, तर परमेश्वरको शक्तिमा सुसमाचारको निम्ति दुःख-भोगमा तिमी सहभागी होऊ। ९ उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो,

**जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो।" (२ तिमोथी १:८-९)।**

जब संसार सृष्टि गर्नुभयो र शैतानले उहाँको बिरुद्धमा कदम चाल्यो तब यस पृथ्वी वा  मानव जगतमा पाप आउँछ भन्ने ज्ञान परमेश्वरमा थियो। सबै मानव प्राणीलाई उपलब्ध गराइएको मुक्तिको अवसर यस संसारमा जन्मेका र जन्मिने प्रत्येक मानिसलाई प्रदान गरिएको थियो भनेर माथिका वचनहरूले खुलाएको छ जुन हामी सबैको निम्ति खुशीको खबर हुनुपर्दछ। यद्यपि परमेश्वरको यस कदमको बाबजुदपनि शैतान र उसका पतित दूतहरूको साथै कतिपय मानिसहरूले मुक्ति पाउनेछैनन् भनेर येशूले ठोकुवा गर्नुभएको थियो भनेर मत्ती २५:४१मा यसरी बताइएको छ "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ।" त्यो के हो त? परमेश्वरले हामी सबैले मुक्ति पाउन् भनेर उहाँले निर्णय गर्नुभएतापनि उहाँले प्रत्येक मानिसहरूलाई एक अत्यन्त पवित्र बरदान दिनुभएको छ त्यो हो स्वविवेकको स्वतन्त्रता, परमेश्वरलाई मान्ने नमान्ने अधिकार प्रत्येक मानिसलाई सुम्पिएको छ। त्यसको अर्थ मानिसको इच्छा वा खुशी बिना परमेश्वरले जबरजस्ती कसैलाई मुक्ति दिनुहुन्न। (यो भनाईले, जवरजस्ती क्रिश्चियन बनाइयो वा चर्चमा हुलियो भन्ने प्रचिलित आरोप सेभेन्थ-डे एडभेन्टस्टको निम्ति स्वीकार्य छैन किनभने परमेश्वरले नै मानव इच्छालाई हस्तक्षेप नगर्नुभएको कामलाई कुनचाहिँ इसाई हुँ भनाउँदाहरूले गर्न आँट गर्न सक्छ वा सुहाउँछ र? - अनुवादकको टिप्पणी)।

**परमेश्वरलाई चुन्ने वा नचुन्ने वा स्वविवेकको स्वतन्त्रता अर्थात् कुन बाटो रोजेर चल्ने वा नचल्ने अधिकार प्रत्येक व्यक्तिलाई सुम्पिएको छ भनेर येशूले गर्नुभएको अनुमोदन मत्ती २२:३३-४०ले कसरी बताउँछ? हेर्नुहोस्: "३३ यो सुनेर भीड़हरू उहाँको शिक्षामा छक्क परे। ३४ उहाँले सदुकीहरूलाई चूप पार्नुभयो भन्ने सुनेर फरिसीहरू उहाँकहाँ भेला भए। ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका धर्मगुरु वा अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६ "गुरुज्यू, व्यवस्थामा महान् आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान् र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तिमीले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम**

**गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"**

परमेश्वरले हामीहरूलाई उहाँलाई माया गर्न, विश्वास गर्न वा प्रेम गर्न जबरजस्ती गर्नुहुन्न। यदी प्रेम प्रेम नै हो भने यो सित्तैंमा दिइएको वा उपलब्ध गराइएको हुनुपर्छ। मानिसले परमेश्वरलाई माया गरेर वा विश्वास गरेर उहाँ अघि सर्नुभएको होइन भनेर बाइबलले बताउँछ भनेर हामी तर्क गर्न सक्छौं। तर कुनै जबरजस्ती वा मानिसको इच्छाको बिरुद्धमा नगइकन परमेश्वर आफै पापमा हराइरहेका मानिसहरूलाई आफूतिर तिनीहरूको स्वइच्छाले आकर्षित गर्न र तिनीहरूको हृदयलाई आफूतिर तान्ने चाहनाले हात पसार्दै परमेश्वर आउनुभएको हो भनेर बाइबलको कथाले खुलस्त पारेको छ। यो भनाइको वास्तविकता येशूको जीवनबाट दिइएको बलिदानपूर्ण प्रेम नै प्रत्यक्ष्य प्रमाण हो। मानिसहरूको आफ्नै इच्छा वा स्वविवेकको स्वतन्त्रतालाई प्रयोग गर्न लगाएर उहाँ तिनीहरूको माझमा हिँडडुल गर्नुभएको थियो। कोही मानिसहरू उहाँतर्फ आकर्षित भएका थिए भने कोही मानिस उहाँ मरेको चाहन्थे।

हो, हामी प्रत्येकले मुक्ति पाउन् भनेर हामीलाई परमेश्वरले चुन्नुभएको छ। तर आखिरमा त्यो मुक्ति हामीले पाउने कि नपाउने भन्ने निर्णय उहाँमा नभएर प्रत्येक मानव प्राणीलाई नै सुम्पिएको छ। हामीले जे रोजेतापनि वा परमेश्वरको सेवा गर्न हामीले निर्णय गरेतापनि वा नगरेतापनि हाम्रो निर्णयले हाम्रो जीवनलाई र हाम्रो परिवारलाई असर पार्नसक्छ भन्ने कुरामा कसैको दुईमत छैन।

## २. उचित निर्णयहरू वा ठिक रोजाईहरू

उचित निर्णय गर्नु अत्यन्त महत्त्वपूर्ण हुन्छ भन्ने कुरो हामी सबैलाई थाहा भएकै कुरो हो। गलत निर्णयले गर्दा हामीहरूको र अरूहरूको जीवनमा कस्तो नकारात्मक प्रभाव पार्न सक्छ भन्ने पनि हामीलाई राम्रैसँग थाहा छ। तर यस संसारमा, परिस्थितिमा वा हामीहरूको जीवनमा आइपर्ने अनेकौं चुन्नुपर्ने तत्वहरूमा कुन ठिक वा कुन बेठिक छ भनेर हामीहरूले कसरी ठम्याउने? अर्थात् कुन ठिक निर्णयहरू गर्नुपर्छ भनेर हामीले कसरी थाहा पाउने?

देहायका केही पदहरू पढ्नुहोस्। उचित निर्णय गर्न साधारणतया कस्ता कदमहरू चाल्नुपर्छ भनेर बाइबलबाट केही सुझावहरू प्रस्तुत गरिएको छ। ती कदमहरू के हुन्? हेर्नुहोसः (१) १ थेस्सोलिनिकी ५:१७ "१७ निरन्तर प्रार्थना गरिरहो।", याकूब १:५ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।" (२) यशैया १:१९ "यदि तिमीहरू राजी र आज्ञाकारी भयौ भने, तिमीहरूले यस देशका असल-असल कुरा खान पाउनेछौ।", मत्ती ७:२४-२७ "२४ "यसकारण जसले मेरा यी वचन सुन्छ र पालन गर्छ, म एउटा बुद्धिमान् मानिससँग त्यसको तुलना गर्छु, जसले आफ्नो घर चट्टानमाथि बनायो। २५ अनि पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र पनि त्यो घर ढलेन। किनकि त्यो चट्टानमाथि बसालिएको थियो। २६ जसले मेरा यी वचन सुनेर पनि पालन गर्दैन, त्यसको तुलना एउटा मूर्ख मानिससँग गरिन्छ, जसले आफ्नो घर बालुवामाथि बनायो। २७ पानी पऱ्यो, र बाढ़ी आयो, अनि हुरी चल्यो र त्यस घरमाथि बजारियो, र त्यो घर ढल्यो, अनि त्यसको ठूलो विनाश भयो।" (३) भजन ११९:१०५ "तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।" *अनुवादकले थपिएका पदहरू* भजन ११९:९-१६ "९ जवान मानिसले आफ्नो चालचलन कसरी चोखो राख्न सक्छ (अर्थात् कुन उचित निर्णय गरेर चल्न सक्छ)? तपाईंका वचनअनुसारको जीवन बिताएर नै हो। १० म आफ्नो सम्पूर्ण हृदयले तपाईंलाई खोज्छु, तपाईंका आज्ञाहरूबाट मलाई बहकेर जान नदिनुहोस्। ११ तपाईंको विरुद्धमा पाप नगरूँ भनेर, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु। १२ हे परमप्रभु, तपाईंको प्रशंसा होस्, तपाईंका विधिहरू मलाई सिकाउनुहोस्। १३ मैले मेरा ओठले तपाईंको मुखबाट निस्केका सबै नियमहरूको वर्णन गरेको छु। १४ धेरै धन-सम्पत्तिमा आनन्दित हुने मानिसजस्तै, म तपाईंका कानूनहरू पालन गर्नमा हर्षित हुन्छु। १५ तपाईंका आदेशहरूमाथि म मनन गर्छु, र तपाईंका शिक्षामा म ध्यान दिनेछु। १६ म तपाईंका विधिहरूमा आनन्द गर्नेछु, तपाईंका वचनको म उपेक्षा गर्नेछैनँ।", २ तिमोथी ३:१४-१७ "१४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र

परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" (४) हितोपदेश ३:१-८ "१ हे मेरो छोरो, मेरो शिक्षालाई नभुल्, तर मेरा आज्ञाहरू आफ्नो हृदयमा लुकाइराख्। २ किनभने तिनले तिमीलाई दीर्घायु बनाउनेछ र तिम्रो लागि सम्पन्नता ल्याउनेछ। ३ भक्ति र विश्वासयोग्यताले तिमीलाई कहिल्यै नछोडून्, ती तिमीले आफ्नो गलामा बाँधिराख्, आफ्नो हृदयको पाटीमा ती लेखिराख्। ४ तब परमेश्वर र मानिसको दृष्टिमा तिमीले निगाह पाउनेछौ र असल नाउँ कमाउनेछौ। ५ आफ्नो सारा हृदयले परमेश्वरमा भरोसा राख् र तिम्रो आफ्नै समझशक्तिमा भर नपर् ६ आफ्ना सारा मार्गमा उहाँलाई सम्झ, र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ। ७ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, परमप्रभुको भय मान् र दुष्कर्मलाई त्याग्। ८ यसले तिम्रो शरीरलाई स्वस्थ तुल्याउनेछ र तिम्रो हड्डीको लागि पोषण दिनेछ।", यशैया ५८:६-१४ "६ “अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड़चूँड़ गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, ‘म यहीं छु’। “यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्।

**तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ। १३ "तिमीहरूले मेरो शबाथ-दिन तोडेनौ र मेरो पवित्र दिनमा आफूखुशी गरेनौ भने, र परमप्रभुको शबाथलाई आदरणीय ठान्यौ, र आफ्नो इच्छाअनुसार नगरी यस दिनलाई मान्यता दियौ र यसमा आफ्नो खुशी नगरी व्यर्थका कुरा गरेनौ भने, १४ तिमीहरू परमप्रभुमा रमाहट पाउनेछौ, र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउनेछु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकूबको उत्तराधिकारबाट भोज खुवाउने तुल्याउनेछु।" परमप्रभुको मुखैले यसो भन्नुभएको छ।" (५) हितोपदेश १५:२१,२२ "२१ समझ नभएको मानिस मूर्खतामा प्रसन्न रहन्छ, तर समझशक्ति भएको मानिस सीधै आफ्नो लक्ष्यतिर बढ्छ। २२ परामर्शको कमीले गर्दा योजनाहरू विफल हुन्छन्, तर धेरै परामर्शदाताहरूको कारण तिनीहरू सफल हुन्छन्।" हितोपदेश २४:६ "युद्ध गर्नका निम्ति तिमीलाई अगुवाइ चाहिन्छ, विजय पाउनलाई धेरै सल्लाहकार चाहिन्छ।"**

प्रत्येक महत्त्वपूर्ण निर्णय गर्दा मोटामोटी हिसाबमा बाइबलले दिएका माथिका कदमहरू ख्याल राख्न जरुरी छ। हाम्रो दिमागको बानीलाई प्रार्थनामा लगाइरहँदा ठिक निर्णयको निम्ति परमेश्वरले सहयोग गर्नुहुने वातावरण बन्दछ। हामीले गर्ने निर्णयहरू परमेश्वरको व्यवस्था वा नीतिसम्मत हुनुपर्छ, त्यसको अर्थ हामी जे गर्छौं कुनै तवरले परमेश्वरको आज्ञालाई नतोडिने हुनुपर्छ। परमेश्वरको वचनका नीतिहरूप्रति हामीहरू हरदम सजग भइरहनुपर्छ। परमेश्वरमाथि भरोसा राख्नु हामीहरूको निम्ति अत्यावश्यक बानी हो। हामीहरूले गर्ने सबै निर्णयहरूलाई परमेश्वरमा सुम्पनुपर्दछ अर्थात् हामीहरूले गर्ने निर्णयहरूले परमेश्वरको महिमा होस् र यदि हामीहरूको चाहना र निर्णयहरू हामीहरूप्रति परमेश्वरको योजनाको खिलाफमा जान्छ भने त्यसलाई त्याग्न राजी हुनुपर्छ। धेरै समयमा बुद्धिमानी, अनुभवी र परमेश्वरप्रति श्रद्धा राख्ने मानिसहरूसँग सरसल्लाह लिंदा पनि हामीहरूको निर्णयलाई ठूलो सहयोग मिल्नसक्दछ। अन्तमा परमेश्वरले हामीलाई अति नै प्रेम गर्नुहुन्छ र हाम्रो निम्ति के अत्यन्त असल छ त्यो उहाँलाई थाहा छ भन्ने आत्मज्ञानले हामीलाई ढुक्क पार्नु जरुरी छ। यदि हामीहरूको जीवन उहाँलाई विश्वास गरि उहाँको सामु झुकेर अर्पण गर्न सक्यौं भने हामीले गर्ने निर्णयहरूलाई विश्वाससाथ अघि बढाउन सक्छौं।

**निःसन्देह हामीले हाम्रो जीवनमा अत्यन्त ठूला ठूला निर्णयहरू गर्ने वाध्य हुन्छौं। तर ती निर्णयहरू गर्न हाम्रो आत्मिक कदमहरू पनि घुसाउन सक्यौं भने के हाम्रै भलाईको निम्ति हुँदैन र?**

## ३. रोज्नुपर्ने साथीहरू

जीवनमा रोज्नुपर्ने धेरै महत्त्वपूर्ण कुराहरूमा साथीहरू बनाउने पनि एक हो। प्रायजसो हामीहरू ल त साथी बनाउन जाऔ भनेर सुर कसेर जसलाई पायो उसलाई साथी बनाउ अघि सर्दैनौं। जब कोहीसँग पहिला चिनापर्ची गरेर उससँग समय बितायौं र साझा कुराहरूमा रमाइलो मानेर बातचित गर्दछौं तब त्यसबेला स्वःत एक आपसमा मित्रताको भावना जागृत हुन्छ। हामी कोहौं भनेर अरूलाई चिनाउन हाम्रो साथी को हो भनेर देखाउनु उस्तै हुने भएकोले र साथीले हामीहरूको जीवनलाई राम्रो वा नराम्रो प्रभाव पार्नेभएकोले हामीहरूले साथी बनाउने कुरामा हामी होशियार हुनुपर्दछ।

**साथीहरू बनाउन अपनाउनुपर्ने नीतिमा विशेष गरेर हितोपदेशको पुस्तकमा धेरै सल्लाहहरू दिइएका छन्। जसमध्ये केही यहाँ प्रस्तुत गरिएका छन्। हेर्नुहोस्ः हितोपदेश १२ः२६ "धर्मी मानिस आफ्नो मित्रतामा सचेत रहन्छ, तर दुष्टको बाटोले तिनीहरूलाई बरालिदिन्छ। १७ः१७ "धर्मी मानिस आफ्नो मित्रतामा सचेत रहन्छ, तर दुष्टको बाटोले तिनीहरूलाई बरालिदिन्छ।", १८ः२४ "धेरै साथीहरू भएको मानिसको पनि सर्वनाश हुन सक्छ, तर कुनै-कुनै मित्रचाहिँ दाजुभाइभन्दा नजिक टाँसिन्छ।" र २२ः२४,२५ "२४ गरम मिजासको मानिसलाई मित्र नबना, सितिमिति रिसाउने मानिससँग सङ्गत नगर, २५ नत्रता त्यसको चाल तिमीले सिक्नेछ र तिमी आफै उसको पासोमा पर्नेछौ।"**

( हितोपदेश १८ः२४को पहिलो हरफ विभिन्न अनुवादहरूमा केही फरक गरि अनुवाद गरिएको छ। त्यसमा "धेरै साथीहरू भएको मानिसको पनि सर्वनाश हुन सक्छ, " छ भने अरूमा "यदि हामीलाई साथी चाहिन्छ भने हामीले पनि साथी बनेर देखाउनुपर्छ।" तर ती दुवै अनुवादहरूको मर्म बाझिएको भन्न मिल्दैन किनभने कुनै साथी असल भएन वा असल देखाउन साथी भएन भने साथीहरूमात्र बनाउनमा हित हुँदैन-अनुवादकको टिप्पणी)। कतिपय समयमा मानिसहरूले एक्लै भएको मनपराएका हुन्छन्। एक्लो रहन चाहने मानिसहरू कतिपय समयमा उदास हुन्छन् र नकारात्मक सोचले ग्रस्त पनि हुन्छन् जसले गर्दा अरू मानिसहरू तिनीहरूको नजिक पर्न मन

पराउँदैनन्। "हामीमध्ये धेरै असल छु भन्नेहरूमा पनि कुनै न कुनै किसिमको अप्रिय स्वभावहरू हुनसक्छन्। जब हामी साथीहरू चुन्छौं तब त्यस्ता मानिसहरूलाई चुन्नुपर्छ जसलाई हामीहरूको कमजोरी थाहा भएतापनि र हामीहरू सिद्ध छैनौं भन्ने कुरालाई स्वीकार्दा पनि तिनीहरू हामीहरूबाट टाढा रहन चाहन्दैनन्। एक आपसमा भएका कमजोरीहरू पारस्परिक रूपमा सहनसक्नुपर्छ। एक आपसको कमजोरी, अपरिपक्वता वा असिद्धतालाई हेर्न वाध्य भएतापनि एक आपसमा प्रेम, सदभाव, इज्जत र आदर राख्नुपर्छ। यो नीति लिन सक्नु नै येशूको स्वभावलाई ग्रहण गर्नु हो। प्रत्येक व्यक्तिमा नम्रताको विकास हुनुपर्छ र आफू अरूभन्दा सिद्ध छु भन्ने भावनाबाट टाढा बस्नुपर्छ। अरूको कमी कमजोर र दोषप्रति हामी धैर्य हुनुपर्छ र कोमलता देखाउनुपर्छ। यी नीतिहरूले हामीमा भएको सानो चित्त भएर स्वार्थी बन्ने संस्कारलाई अन्त्य पार्दछ र हामीहरूको हृदय बिशाल र उदार हुन्छ।"-एलेन जी ह्वाइट, *पास्टोरल मिनिस्त्री,* पृ. ९५बाट रूपान्तरित।

बाइबलमा साथीहरूको बीचमा भएको मित्रताको बारेमा धेरै कहानीहरू छन्। तिनीहरूमा दाउद र जोनाथानको बीचमा आत्मियता गाँसिएर गहिरो मित्रता भएको कथा अत्यन्तै मार्मिक छ। राजकुमार जोनाथानको बुबा राजा सावल थियो। प्रथम राजा सावल परमेश्वरमा विश्वास गर्ने र दरवारमा सङ्गीत बजाउने युवा दाउदको ससुरा थियो। तर दाउदको लोकप्रियताले ऊ राजा हुनेछ भनेर राजा सावलले महसुस गरेका थिए। त्यसले गर्दा दाउदप्रति सावलको मनमा डाहा, ईष, घृणा पल्हाएको थियो। तर राजकुमार जोनाथनलाई दाउदप्रति रतिभरपनि बितृष्णा थिएन। उनले दाउदलाई सार्‍है मन पराउँथ्यो। यदि उनको पिता सावल परमेश्वरप्रति बफादारी भएर उहाँका वचनहरू पालन गरेर चलेको भए उनको राज्य उनको सन्तानमा धेरै वर्षसम्म चल्दथ्यो र जोनाथान सावल पछिको राजा हुन्थ्यो। जब परमेश्वरकै निर्देशनमा नियुक्ति भएका इस्राएलका राजा सावल शासन गर्नमा अयोग्य ठहरिए तब उहाँले दाउदलाई नयाँ राजा चुन्नुभएको थियो। त्यसले गर्दा राजा हुने अधिकार पाएको जोनाथान अयोग्य हुन पुग्यो। परिवारको एक सदस्यको (राजा सावल) गलत निर्णयले गर्दा परिवारको अर्को सदस्यलाई (जोनाथान) कसरी नराम्रो प्रभाव पार्न सक्छ भन्ने ज्वलन्त उदाहरण राजा सावलको कथाले दिँदछ।

तर आफ्नो बुबा राजा सावलको स्वभावको बिपरीत जोनाथानले दाउदलाई कहिल्यै पनि रिस देखाएन न त उनीप्रति ईष नै थियो। बरु आफ्नो

रिसाहा बाबुबाट दाउदलाई बचाउन जोनाथानले प्रयास गरेको थियो। १ सामूएल १८:१ले दाउद र जोनाथानको बीचको सम्बन्धलाई यसरी मार्मिकरूपमा व्यक्त गर्दछ "जोनाथानको आत्मा दाउदाको आत्मासँग बुनिएको थियो। दाउदलाई जोनाथानले आफूलाई जस्तै प्रेम गर्दथ्यो।" सत्य साथीहरूको बीचमा आत्मियता गाँसिएर मित्र भएको दाउद र जोनाथानको कथा अत्यन्त प्रभावकारी मान्नुपर्दछ।

**पावलले जथाभावी साथी नबनाउन यसरी सल्लाह दिँछन् "धोखामा नपर किनभने खराब सङ्गतले असल बानीव्यहोरा पनि भ्रष्ट पार्दछ" (१ कोरन्थी १५:३३ रूपान्तरित)। सुरुमा साथी भएर देखाएतापनि पछि गएर धोखा दिने साथीहरूको अनुभव के तपाईंले गर्नुभएको छ? गलत साथी बनाउन गलत निर्णय गर्दा तपाईं र तपाईंको परिवारको सम्बन्धलाई नोक्सान पुऱ्याएको के महसुस गर्नुभएको छ?**

## ४. जीवनसङ्गी वा अर्धाङ्गिनीको छनोट

दैनिक जीवनमा आकालझुकल भेट्ने, कुराकानी गर्ने, आवश्यक परेको बेलामा साथ दिने र मन मिल्ने साथी चुन्न हामी होसियार हुनुपर्छ भने झन भविष्यमा हुने जीवनको साथी वा लाइफ पार्टनर चुन्न झन कति बढी होसियार हुनुपर्छ भन्ने कुरामा जति जोड दिए पनि कमै हुन्छ। परमेश्वरले आफ्नै हातले आकार दिनुभएर सृजना गर्नुभएको हव्वाले गर्दा आदम धेरै भाग्यमानी वा आशिषित भएका थिए। तत्कालिन हव्वा केवल स्त्रीमात्र नभएर सिद्ध सबै कुरामा परिपक्व र आदर्श थिइन्। परमेश्वरको आफ्नै हात भएको हुनाले आदमलाई जीवनको साथी चुन्न गाऱ्हो भएको थिएन। तर हामीलाई आफ्नो जीवनको साथी चुन्न प्रायजसो त्यति सजिलो छैन किनभने हामी कोही पनि दोषरहित वा आदर्श छौं भनेर दावी गर्न सक्दैनौं। आदमको निम्ति केवल एउटै स्त्रीमात्र चुन्ने वातावरण थियो भने हामीले धेरै स्त्रीहरूमा एक जनालाई रोज्नुपर्छ वा स्त्रीहरूले धेरै पुरुषहरूमा एक जना।

हाम्रो जीवन सुखमय, शान्तिमय र तालमेलमय गरेर बितौस् भन्ने सबैको चाहना हो र यो परमेश्वरको पनि चाहना हो। त्यसकारण जीवनसाथी चुन्ने महत्त्वपूर्ण निर्णय भएकोले **हामीलाई चाहिने** आवश्यक निर्देशनहरू परमेश्वरले दिनुभएको छ। हामीहरूले साथी रोज्दा कस्तो चरित्र वा स्वभावको रोज्नुपर्छ भनेर अगाडि हेऱ्यौं। विवाहको बन्धनमा बाधिन पर्न चाहनेहरूले केही

महत्त्वपूर्ण कदमहरूमा ध्यान दिनुपर्छ। त्यसको बारेमा हामी अध्याय ६मा नियालेर हेर्नेछौं। हाम्रो जीवनको अत्यन्त महत्त्वपूर्ण लक्ष्य भनेको परमेश्वरको सेवा रोज्नु हो त्यसबाहेक दोस्रो लक्ष्य परिवार बनाउनु हो। त्यसकारण जीवनको साथी चुन्दा अत्यन्तै होसियारी अपनाउनुपर्छ किनकि हाम्रो जीवनको धारलाई कुन मोडमा लाग्ने हो त्यो अधिकतम मात्रामा जीवनको साथीमा भर पर्दछ।

बाइबलले प्रस्तुत गरेका नीतिहरू केवल इसाईहरूलाई मात्र नभएर जुनसुकै मानव जातिलाई पनि दिइएको हो भनेर मान्नुपर्छ। यदि ती नीतिहरू पालन गरिएन भने चाहे इसाई होस् चाहे अन्य त्यसको नराम्रो परिणाम सबैले भोग्नुपर्दछ। आफ्नो जीवनको साथी चुन्नु वा वैवाहिक शुत्रमा बाँधिन परमेश्वरको वचनमा दिएका केही निर्देशनहरू हेर्नुहोस्। आदर्शमय जीवन बिताउन ती निर्देशनहरू सबैको निम्ति व्यवहारिक हुन्छ। हेर्नुहोस्ः भजन ३७:२७ "खराबीदेखि फर्केर अलग्ग बस र भलाइ गर, र तिमी सदासर्वदा देशमा बस्नेछौ" (यदि खुशीसाथ लामो आयु भएर जिउने हो भने खराब तत्व वा बानीबाट अलग हुनुपर्दछ)।", भजन ११९:९७-१०० "९७ आहा! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि म तिनैमाथि मनन गर्दछु। ९८ तपाईंका आज्ञाहरू सदाकाल मसँग छन्, र तिनले मेरा शत्रुहरूभन्दा मलाई बुद्धिमान् तुल्याउँछन्। ९९ मेरा सबै शिक्षकहरूभन्दा मेरो अन्तर्ज्ञान ज्यादा छ, किनकि म तपाईंको कानूनहरूमाथि मनन गर्दछु। १०० धर्म-गुरुहरूको भन्दा मेरो समझ अझ बढ़ी छ, किनभने म तपाईंका आदेशहरू पालन गर्दछु" (परमेश्वरका आदेश वा आज्ञाहरू पालन गर्नु र मनन गर्ने स्वभाव दुवै हुनेवाला दम्पतीको हुनुपर्दछ), १ कोरन्थी १५:३३ "भ्रममा नपर। खराब सङ्गतले राम्रो चरित्रलाई नष्ट पार्छ" (विवाहको निम्ति सोचिरहने व्यक्तिले जीवनसङ्गी असल छ वा खराब छ भन्ने सोच्नेमात्र नभएर उसको वा उनको सङ्गत कस्तो छ भनेर सोच्नु अनिवार्य छ किनभने वैवाहिक जीवनमा खलबल पार्न खराब साथीको ठूलो भूमिका हुन्छ), र याकूब १:२२-२५ "२२ तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ। २३ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। २५ तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम

**गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ (परमेश्वरको वचन पालन गर्ने मात्र होइन एक आपसमा समझदार भएर एक आपसको वचन पालन गर्ने जीवन साथी हुनुपर्दछ)।" (कोष्ठक वा ब्राकेटभित्र व्यक्त गरिएका भावनाहरू अनुवादकको नीजि धारणा समावेस गरिएको हो)।**

जीवनको ठिक वा उचित साथी रोज्नुभन्दा पहिले येशूले पहिल्याउनुभएर समर्थन गर्नुभएको पुरानो करारको नीतिलाई मनस्थितिमा ढाल्नु जरुरी छ। उहाँले भन्नुभएको थियो "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो (अर्थात् बाइबलको निचोड शिक्षा)।" कतिपय मानिसहरूले जीवनको साथी चुन्न अनेकौं असल गुणहरू भएको हुनुपर्छ भनेर औंल्याउँछन् तर ती गुणहरू आफैमा भएन भने घर गृहस्थीमा भाँडभैलो स्वःत सुरू हुनसक्छ।

अरूमा असल स्वभाव हुनुपर्ने तर आफूमा त्यो आवश्यक भएको नठान्ने नीति लिएर चल्ने कुनै नौलो होइन। यो केवल वैवाहिक जीवनमामात्र होइन सबै ठाउँमा लागुभइरहेको पाइन्छ। यस मामिलामा पावलले रोमीहरूलाई धेरै वचनहरू दिएर सम्झाइरहेको पाइन्छ। पावलले रोममा रहेका साधारण मानिस वा इसाई भनाउँदाहरूकै भन्डाफोर गरेर भन्दछन् " क्याहो, अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गरिरहेका छैनौं र)" रोमी २:१ (रूपान्तरित)। चर्चको अरू विश्वासी भाइलाई दोषमात्र लगाउने वा अरूको गल्तीमात्र हेर्ने बानी भएको मानिस वा येशूलाई विश्वास गर्ने नै किननहोस् उसलाई औंल्याएर येशूले त झन कडा शब्दमा यसरी व्यक्त गर्नुभनएको थियो "“किन तिमी आफ्नो भाइको आँखामा भएको धूलोको कण देख्तछौ, तर तिम्रो आफ्नै आँखामा भएको मूढ़ाचाहिँ थाहा पाउँदैनौ?" मत्ती ७:३ ।

**तपाईं आफैमा नभएका आदर्श वा असल गुणहरू अरूमा वा आफ्नै श्रीमान वा श्रीमतीमा होस् भन्ने चाहना तपाईंले कतिको गर्नुभएको छ? सोच्नुहोस्।**

## ५. जीवनलाई कुन मोडमा लाने

कुनै न कुनै समयमा हामीले हाम्रो जीवनलाई कुन मोडमा लाने वा कुन पेशामा चल्ने र के गर्ने सो निर्णय गर्नुनै पर्ने हुन्छ। हुनसक्छ कोही स्वतन्त्ररूपमा धनी होलान् वा कामै गर्नु नपर्ने गरेर जीवन बिताउलान् वा कोही घरगृहस्थी हेर्ने अत्यन्त आदरणीय र प्रशंसनीय काममा मात्र लागेर जीवन बिताउलान् तर प्रायजसो हामी सबैले आफ्नो आय आर्जन गर्न कुनै न कुनै पेशामा लाग्नैपर्छ। तर यो पनि सम्भव छ कि हामीहरूको वातावरणले, हामीहरूको परिवारको कारणले वा हामीहरूको आफ्नै कमिकमजोरीले हामीहरूले चाहे अनुसारको पेशामा हामी लाग्न नसकौंला। तर हामी जुनसुकै स्तर वा स्थितिमा छौं येशू ख्रीष्टमा हामीहरूको मुक्ति छ भन्ने मनस्थितिलाई आत्मसात् गरेर जुनसुकै पेशामा लागेर चल्ने निर्णय गर्न सक्छौं। जे काम गरेपनि हामीहरूको जीवनलाई लक्ष्यतर्फ लैजान र अर्थमूलक बनाउन उहाँ हाम्रो साथमा हुनुहुन्छ भन्ने कुरालाई हामीले सधैं मनमा राखिराख्नुपर्छ। संक्षेपमा भन्ने हो भने हामी जे गर्छौं त्यो परमेश्वरको महिमाको निम्ति गर्छौं भन्ने कुरा मध्यनजरमा राखेर चल्दा हामीहरूको जीवन संतुष्ट, शान्तिमय र तालमेलमा चल्न सक्छ।

**बाइबलको प्रख्यात बुद्धिमानी राजा कहलाइएको सोलोमनले आफ्नो बुढेस कालमा गलत बाटोमा हिंड्न जाँदा उदासीन हुन पुगेका थिए। आफ्नो उदासीन भावना उपदेशक २:१-११मा व्यक्त गरेका छन्। हामी पनि उनी जस्तै भूल नगर्न कसरी सतर्क हुने? हेर्नुहोस्: "१ मैले आफ्नो मनमा विचार गरें, “आऊ, अब असल कुरोचाहिँ के हो भनी पत्ता लाउन म सुख-विलाससित तिम्रो जाँच गर्नेछु।” तर त्यो पनि व्यर्थै रहेछ भनी प्रमाणित भयो। २ मैले भनें, “हाँसो मूर्खता हो। अनि सुख-विलासले के फाइदा गर्छ?” ३ दाखमद्य (रक्सी) पिएर तथा मूर्खतालाई अँगालेर मैले आफैलाई प्रफुल्ल तुल्याउन कोशिश गरें– मेरो मनले अझै मलाई बुद्धिद्वारा डोऱ्याउँदैथियो। आकाशमुनि यस छोटो जीवनमा मानिसहरूका निम्ति असल काम के हो सो जान्न भनी मैले इच्छा गरें। ४ मैले ठूला योजनाहरू थालें। मैले मेरो निम्ति घरहरू बनाएँ। मैले दाखको खेत स्थापना गरें। ५ मैले बगैंचाहरू र उद्यानहरू बनाएँ र तिनमा सबै प्रकारका फलफूलका रूखहरू रोपें। ६ लहलह बढ्दैगरेका वृक्षहरूका उद्यानहरूलाई सिँचाइ गर्न मैले पानीका ठूला-ठूला जलाशयहरू बनाएँ। ७ मैले कमाराकमारीहरू किनें र मेरो घरमा जन्मेका अरू कमारा-कमारी पनि थिए।**

**मअघि यरूशलेममा हुने अरू कुनैका पनि मेरा भन्दा धेरै गाईबस्तुका बथान र भेड़ाबाख्राहरूका बगाल थिएनन्। ८ मैले मेरो निम्ति सुन र चाँदी तथा राजाहरू र देश-देशबाट धन-सम्पत्ति थुपारें। मैले गायक र गायिकाहरू र एउटा स्त्रीगृह पनि मानिसका हृदयको मनोरञ्जनको निम्ति प्राप्त गरें। ९ यरूशलेममा मेरो अघिका सबैभन्दा म धेरै महान् भएँ। यी सबैमा मेरो बुद्धि मसँगै रह्यो। १० मेरा आँखाले अभिलाषा गरेको केही प्राप्त गर्न मैले आफैलाई इन्कार गरिनँ। कुनै सुख-विलास मेरो हृदयलाई मैले इन्कार गरिनँ। मेरा सारा कामहरूमा मेरो हृदय आनन्दित भयो, र योचाहिँ मेरा सबै परिश्रमको फल थियो। ११ तापनि मेरा हातहरूले गरेका सबै कार्यहरू र प्राप्त गर्नलाई मैले परिश्रम गरेका सबै कुरा जब मैले निरीक्षण गरें, तब प्रत्येक कुरा व्यर्थ थियो। बतासलाई खेदेको जस्तो मात्र रहेछ। सूर्यमुनि केही उपलब्धि भएन।"**

हो, जुन धरापमा धनाद्य र सबै कुरामा सम्पन्न राजा सोलोमन परेका थिए त्यही धरापमा हामी पर्न धनी र सम्पन्न हुनुपर्छ भन्ने छैन। सायद सोलोमन कसरी, किन र कुन धरापमा परेका थिए भनेर पावलले कोरेको व्याख्यामा पाउन सकिन्छ "किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्।" (१ तिमोथी ६:१०)। धनी मानिस पैसाको लोभमा परेको जस्तै गरिब पनि सजिलैसँग फस्न सक्छ।

प्रत्येक मानव प्राणीलाई छ दिन काम गर्न परमेश्वरले सल्लाह होइन निर्देशन आफ्नो दश आज्ञामा दिनुभएको छ। त्यसकारण घर गृहस्थी थाम्न जीवन निर्वाह गर्न आयआर्जन गर्नु जरुरी छ। (येशूलाई विश्वास गऱ्यौं भन्दैमा आफ्नो जीवन धान्न अरूमाथि भरपरेर परजीवि भएर बस्न बाइबलमा अनुमति दिइएको पाइन्दैन।अझ पावलले त यो पनि भन्दछन् "चोर्नेले अब उसो नचोरोस्। बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्" एफिसी ४:२८- अनुवादकको थप जानकारी)। हामीले जे गरेतापनि जति पैसा आर्जन गरेतापनि पैसाको पछिमात्र लाग्नु वा पैसालाई ईश्वर ठान्नुहुन्न। जीवन निर्वाह गर्न पैसा चाहिन्छ तर पैसाले हामीलाई दास बनाउन होइन पैसालाई हामीले दास बनाउन सक्नुपर्छ। कतिपय परिवारहरू पैसाको लोभमा परेर तिनीहरू नाश भएको देखिरहेकाछौं। घरको बाबु वा आमाले धनी हुने होडबाजीमा परिवारको

वेवास्ता गरेको पाइन्छ। (कतिपय परिवार धनी त होलान् तर आफ्ना सन्तानहरू गुमाइरहेका होलान्। छोराछोरीहरूको मोलमा धनी हुनु भनेको पैसालाई देवता जस्तै मान्नु हो। धन त पायो तर छोराछोरी गुमाउनु पर्‍यो भने बाबु वा आमालाई के लाभ छ र?-अनुवादकको प्रतिक्रिया)। कतिपय श्रीमतीहरू र छोराछोरीहरूले सरल जीवन बिताउन पाए हुन्थ्यो भनेर चाहना गरेको पाइन्छ किनकि तिनीहरूसँग समय बिताउन बाबुको फुर्सदै हुँदैन।

सृष्टिमै काम वा हाते परिश्रम मानिसको जीवनको एक प्रमुख भाग हो भनेर परमेश्वरले नै रचना गर्नुभएको थियो ("परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो" उत्पत्ति २:१५)। तर हामीहरूको जीवनको केन्द्रविन्दु केवल काममात्रै गर्नु हो वा पैसा कमाउनमात्र हो भने हामी खतरामा पर्न सक्छौं। यो भूल राजा सोलोमनले गरेका थिए। विभिन्न योजना बनाएर आफ्नो दरवार वरिपरि भव्य विकास गरेका थिए, सबैले उनको सौन्दर्य स्थान, उनको अथाह धनसम्पत्ति र रवाफको तारिफ गरेका थिए। केही हदसम्म तिनीहरूले उनलाई संतुष्ट पनि तुल्याएका थिए। तर आखिरमा आएर ती सबै बेकार वा अर्थहीन छ भनेर राजा सोलोमनले सुस्केरा हाल्छन्।

**एक जनाले आफ्नो बुढेसकालमा आफ्नो जीवनका समयहरू अफिसमा भन्दा परिवारलाई धेरै दिन पाएको भए हुन्थ्यो भनेर दुखेसो पोखाएको थियो। त्यसमा के महत्त्वपूर्ण सन्देश लुकेको होला?**

## उपसंहारः

**थप जानकारीः** परमेश्वरले प्रत्येक मानिसलाई प्रदान गर्नुभएको व्यक्तिगत निर्णय गर्ने वा स्वविवेकको प्रयोग गर्ने स्वतन्त्रताको वास्तिविकताको बारेमा कुनै गुपचुप नराखिकन खुलारूपमा देखाएका कथाहरूले बाइबल भरिएको छ। परमेश्वरले हस्तक्षेप नगर्नुभएको आत्मनिर्णय गर्ने स्वतन्त्रता पापमा फस्नुभन्दा अघि नै आदम र हव्वालाई दिइएको थियो ( उत्पत्ति २:१५,१६ "१५ परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। (काम गर्ने स्वतन्त्रता) १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तिमीले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ" (परमेश्वरले आदमलाई कठपुतली बनाउनुभएन। के रोजे असल हुन्छ के रोजे खराब हुन्छ भन्ने

बातावरण बनाइदिनुभएर आदमलाई आत्मनिर्णयको स्वतन्त्र दिनुभएको थियो। आगोमा हात हाल्दा पोल्छ भन्ने सूचना दिनु आवश्यक छैन र?- अनुवादकको सोच)। तर दुर्भाग्यवस आदम र हव्वा दुवैले गलत निर्णय गरे। पापमा नफसेकै बेलामा सिद्ध मानव प्राणीहरूले तिनीहरूलाई प्रदान गरिएको स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई दुरुपयोग गरे भने पापको चुचुरोमा परिरहेका हामीहरूले झन स्वविवेक वा आत्मनिर्णयको स्वतन्त्रतालाई कतिको दुरुपयोग गर्छौं होला त?

आत्मनिर्णयको स्वतन्त्रता वा आफूले के रोज्ने सो रोज्ने स्वतन्त्रता भनेको कसैको बन्धनमा पर्नुनपर्ने व्यक्तिगत अधिकार हो। त्यसको अर्थ भित्र वा बाहिर अर्थात् परिवारभित्र वा परिवारबाहिर, समाजभित्र वा समाजबाहिर, वा साथीभाइको दवाव वा धर्म, संस्कार, परम्पराले ढालिएको विवेकको दवावमा कुबाटोमा जान वा खराब निर्णय गर्नैपर्छ भन्ने छैन। सबैले यो नीतिलाई याद गर्नु जरुरी छ। जब कुनै कुराको निर्णय गर्नुपर्दा वा रोज्नुपर्दा परमेश्वरको सहायताले ठिक निर्णयहरू गर्न उहाँले हामीमा राखिदिने इच्छाशक्तिलाई परिचालन गर्न उहाँसँग शक्ति र उहाँको अगुवाई माग्न सक्छौं। त्यसकारण कुनै पनि निर्णय गर्नुपर्दा हामीले होसियारपूर्वक सोच्नु जरुरी छ, विशेष गरेर यदि त्यस निर्णयले हामीहरूको परिवारलाई कसरी असर पार्छ भनेर सोच्नुपर्दछ। आफूले नै उब्जाएको योजना वा आफ्नै स्वविवेकको स्वतन्त्रलाई दुरुपयोग गर्दा कयनले आफ्नो भाइ हावेलको हत्या गर्ने निर्णय गऱ्यो। त्यसले गर्दा उसको परिवार भताभुङ्ग हुन पुगेको थियो। योसेफका दाजुहरूले आफैले निर्णय गरेर उसलाई विदेशीको हातमा बेच्दा तिनीहरूको पिताको जीवन वियोगले भरिन गएको थियो। आफ्नो खराब कामलाई लुकाउन योसेफका दाजुहरूले एउटा बोका मारेर त्यसको रगतमा उसको लुगा चोपलेर बाबुकहाँ ल्याएका थिए। "३१ तब उनीहरूले एउटा बोका मारेर योसेफको लबेदा त्यस रगतमा चोपे। ३२ अनि त्यो राम्रा बुट्टाहरू भएको लबेदा उनीहरूले आफ्ना बाबुकहाँ ल्याएर भने, “यो हामीले भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको हो कि होइन?” (भाइ योसेफप्रति ती दाजुहरूको घृणा कस्तो थियो होला। तिनीहरूले हाम्रो भाइ नभनिकन तपाईंको छोरो भनेर सम्बोधन गरे) ३३ इस्राएलले त्यो लुगा चिनेर भने, “यो त मेरो छोराकै लबेदा हो। जङ्गली पशुले त्यसलाई खाएछ क्यारे! निस्सन्देह योसेफलाई धुजाधुजा पाऱ्यो होला।” ३४ तब याकूबले आफ्ना लुगा च्याते, र तिनले आफ्नो कम्मरमा भाङ्ग्रा लाएर

आफ्ना छोराको निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका सबै छोराछोरीहरूले तिनलाई सान्त्वना दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन। तिनले भने, "अहँ, यो मेरो शोकमा नै म मेरो छोराकहाँ चिहानमा* जानेछु।" यसरी योसेफका बाबुले तिनको निम्ति बिलौना गरे।" उत्पत्ति ३७:३१-३५।

हामीहरूको वर्तमान जीवनमा जस्तै बाइबलभरि विभिन्न उदहारण छन् जसमा परिवारको कुनै सदस्यहरूले असल वा खराब निर्णय गर्दा सम्पूर्ण परिवारलाई नै असर पारेको थियो (गन्ती १६:१-३२, दानिएल ६:२३,२४, उत्पत्ति १८:१९ आदि)।

**चिन्तनमनन:**

अ) आज दिनभरीमा तपाईंले के के निर्णयहरू गर्नुभएको छ? ती निर्णयहरूले तपाईंको आफ्नै बारेमा र परमेश्वरसँग भएको तपाईंको सम्बन्धको बारेमा के बताउँछ र अरूसँगको सम्बन्धको बारेमा के बताउँछ? तपाईंले गर्नुभएको निर्णयहरूमा के नगरेको भए ठिक हुन्थ्यो होला भनेर सोच्नु भएको छ?

आ) बाइबलमा धेरै हस्ती अर्थात् उल्लेखनीय पात्रहरू छन्। तिनीहरूमा तपाईंलाई कोही थाहा छ जसले गलत निर्णयले गर्दा तिनीहरूको परिवार र राष्ट्रलाई नै नकारात्मक असर पारेका थिए? तिनीहरूबाट तपाईंले के सिक्न सक्नुहुन्छ?

इ) हामीले गरेका कतिपय निर्णयप्रति हामीलाई पश्चाताप लागेको हामी सबैले अनुभव गरेका छौं। तर त्यस पश्चातापको समयमा सुसमाचारको सन्देश हाम्रो निम्ति किन खुशीको खबर हुन गएको छ? गलत बाटो वा गलत निर्णयले गर्दा दोषी मनस्थिति हुन पुगेका वा मानसिक पीडा भोगिरहको बेलामा बाइबलले दिएका के के प्रतिज्ञाहरूले तपाईंको मन उचालेको थियो?

ई) यदि कसैले तपाईंकहाँ आएर विवाहको बारेमा सल्लाह माग्यो भने तपाईंले के सल्लाह दिनुहुन्छ र किन? परमेश्वरको वचनबाट तपाईंले के नीतिहरू तिनीहरूको अगाडि राख्न सक्नुहुन्छ जसले गर्दा तिनीहरूले गर्ने अति महत्त्वपूर्ण निर्णयलाई मद्दत पुऱ्याउन सक्छ?

## कथा २
## चर्च स्थापना गर्दाको डर
## ह्युगो सान्ज, ६४,पाराग्वे

जब पाराग्वेको राजधानी हसुनस्यनको छिमेकी गाउँहरूमा चर्च स्थापना गर्न चर्च पास्टरले ह्युगो सान्जलाई अनुरोध गरे तब उनी डऱ्याए। ह्युगो अहसुनस्यनले एडभेन्टिस्ट हस्पितलको बीमा कम्पनीको निर्देशक भएर २० वर्ष काम गरेका थिए। उनी सहरको सबभन्दा ठूलो केन्द्रीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा रहेका चर्चका सदस्यहरूसँग बीमाको काम गर्दथे। त्यस चर्चमा ३०० जना सदस्यहरू थिए। तर उनले चर्चभन्दा बाहिर कहिले कतै पनि काम गरेका थिएनन्।

"मलाई डर लागेको थियो। म एक्लैले चर्च चलाउन सक्ने क्षमता मसँग थियो जस्तो लागेको थिएन।

ह्युगोले आफ्नी श्रीमतीसँग यसबारे कुरा गरे। उनले एडभेन्टिस्ट डेभ्लपमेन्ट रिलिफ एजेन्सीमा काम गरेकीले अरू आस्थाका मानिसहरूसँग काम गर्ने केही अनुभव उनमा थियो। त्यसकारण उनी नयाँ चर्च स्थापना गर्ने मामिलामा सहयोग गर्न मञ्जुर भइन्।

ह्युगोले धेरै हप्तासम्म प्रार्थना गरे। उसको घरको नजिकैको न्विभा सायोनिया गाउँमा चर्च स्थापना गर्न हिचिकचएकोमा नमज्जा लागिरहेको थियो। त्यसकारण पछि गएर नयाँ ठाउँमा चर्च खडा गर्ने प्रयासमा आफूले सहयोग गर्ने सहमति जनाए।

"पहिला त ह नराम्रो मानेकोले चर्च सुरु गरेको थिएँ। तर केही मानिसहरूको सहयोगले हामीले काम गऱ्यौं। हामी यहाँ आयौं, हामीले यहाँ के आवश्यकता थियो त्यसको जाँचबुझ गऱ्यौं र हामीले काम गर्न सुरु गऱ्यौं" उनले भने। पहिला त हामीले सानैबाट काम सुरु गरेका थियौं" ह्युगोले भने। ह्युगोले एउटा घर बहालमा लिए। त्यस घरलाई "प्रभावको केन्द्र" भनियो। केही गोष्ठीहरूको आयोजना गरियो, जसमा स्वस्थकर खानाको परिकार बनाउन सिकाउने र धुम्रपान रोक्ने कार्यक्रमहरू थिए। त्यसको निम्ति अस्पतालका केही विश्वासी साथीहरूले साथ दिए। उनी र चर्चका अरू सदस्यहरूले छरछिमेकीलाई साथी बनाए।

छिमेकी र टोलहरूमा नयाँ सामुदायिक केन्द्रको बारेमा खबर फैलियो। चर्चका एक जना सदस्यले फेसबुकका फोटोहरू राखेर त्यस केन्द्रको बारेमा जानकारी दियो। स्थानीय एडभेन्टिस्टसँग सम्बन्धित होप च्यानल रेडियो न्युभो टियम्पले सामूदायिक केन्द्रको बारेमा विज्ञापन गऱ्यो।

सन् २०१५ पछि प्रभावको केन्द्रले प्रत्येक शनिबार नियमित रूपमा "एक दिन संसारबाट बाहिर" भन्ने कार्यक्रमको थालनी गऱ्यो।

"यो हप्ताको एक दिन हो जब मानिसहरू तनावबाट स्वतन्त्र भएर आफ्ना दिमागहरू बाइबलमा लगाउन भ्याउँछन्। हामी गीतहरू गाउँछौं र संगसंगै बाइबल अध्ययन गर्दछौं। जो मानिसहरू हामीहरूको स्वास्थ्य कार्यक्रमहरूमा सहभागी भएका थिए तिनीहरूले हामीहरू बाइबलको कारणले स्वस्थ भएको तिनीहरूले देख्न पाउँथे। तिनीहरू पनि परमेश्वरसँग प्रार्थना सुरु गर्न थाल्दछन्" खुशी भएर ह्युगोले बताए।

जब मानिसहरूले बाइबल अध्ययन गर्न थाले तब त्यसमा भएका स्वास्थ्यका सल्लाहहरू देख्दा तिनीहरू छक्क परेको तिनीहरूले बताए। असल स्वस्थ्य जीवन उचित र संतुलित खाना र प्रार्थनाद्वारा स्वस्थ जीविन बिताउन सकिन्छ भनेर तिनीहरूले सिकेका थिए। बाइबलका पदहरूमा तिनीहरूको मन पर्ने पद ३ यूहन्ना २ हो, जसमा लेखिएको छ "हे प्रियहरू हो तिमीहरू सबै कुरा र स्वास्थ्यमा आत्मामा जस्तै सम्पन्न होस्।" अर्को मन पर्ने पद फिलिप्पी ४:७ हो जसमा भनिएको छ "समझले नै भ्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ।"

सन् २०१६मा प्रभावको केन्द्र भवनमा चारपल्ट चोरहरूले ऐनाका झ्यालहरू फुटाए र त्यहाँ भएका मेच, टेबुल र इलेक्ट्रोनिक उपकरणहरू चोरेर लगे। त्यसले गर्दा त्यहाँ हुने कार्यक्रमहरूमा वाधा भयो। त्यसपछि कार्यक्रमहरू ह्युगो कै घरमा हुन थाल्यो।

त्यही वर्ष विश्व एडभेन्टिस्ट चर्चले तेऱ्हौं साबथ स्कूलमा संकलन गरेको भेटीले सामुदायिक भवनलाई चर्चमा परिणत गर्न सहयोग गऱ्यो। त्यस पैसाले स्थानीय एडभेन्टिस्ट चर्चले सामुदायिक भवन केन्द्र किन्यो। त्यसमा थप स्थलहरूको निर्माण गरेर अझ सुरक्षित बनाए।

नियोभासाखोनिया सेभेन्थ-डे एडभेन्टिस्ट चर्च र सामुदायिक केन्द्र सन् २०१८मा खोलियो। ती स्थानहरूको संचालनको लागि आफ्नै पास्टर त्यहाँ

खटाइयो। ह्युगो चर्चको सर्बसाधारण अगुवा नै भइरहे। त्यसमा आफू एकदम खुशी भएको उनले बताए।

वर्ष ६४को ह्युगो भन्दछन् "मैले एडभेन्टिस्ट चर्चको निम्ति २० वर्ष काम गरें तर केही वर्ष यता म सबभन्दा खुशी भएको छु, किनकि मैले संसारका मानिसहरूको निम्ति पनि काम गर्न पाएँ। पहिला मैले चर्चमै भएका मानिसहरूको निम्ति काम गर्दथें। अहिले म कुरामात्र होइन कामै गरेर देखाइरहेको छु र परमेश्वरको प्रेम नयाँ तरिकाले देखाइरहेको छु। मेरो जीवनमा परमेश्वरले खटाउनुभएको काम मैले गरिरहेकोछु जस्तो मलाई लागिहेको छ।"

सन् २०१६मा तपाईंहरूले दिनुभएको साबथस्कूलको भेटीको निम्ति तपाईंहरूलाई धन्यवाद छ। त्यस पैसाले पाराग्वेको असुनश्यनमा नियोभासाखोनिया सेभेन्थ-डे एडभेन्टिस्ट चर्च स्थापना गर्न सहयोग मिलेको थियो।

लेखकः ***आन्द्र्यु मेकचेस्नी***